मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः १ | अङ्कः ९ | मितिः २०७९ चैत्र १० गते, शुक्रबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## मर्स्याङ्दी गाउँपालिकाका निर्माणाधिन योजनाहरुको अनुगमनका तस्बिरहरु

























Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः १ | अङ्कः ९ | मितिः २०७९ चैत्र १० गते, शुक्रबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति







## मर्स्याङ्दी गाउँपालिका वडा नं. ४ को वडा कार्यालय भवन उद्घाटन कार्यक्रम सम्पन्न



मर्स्याङ्दी गाउँपालिका ४ ताघ्रिङ छापा गाउँमा वडा कार्यालय भवनको निर्माण गरिएको छ । गाउँपालिकाको ४३ लाख ७१ हजार रुपैयाँमा वडाको भवन निर्माण गरिएको हो ।भवनको शनिबार उद्धाटन गर्दै गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले नवनिर्मित भवनले नागरिकलाई सेवा प्रदानमा सहज हुने बताउनुभयो । वडाको आफ्नै भवन नहुँदा सेवा लिने र दिनेलाई असहज भएपछि भवन निर्माणका लागि बजेट बिनियोजन गरेको बताउनुभयो । वडा कार्यालयलाई पूर्वाधार र प्रविधिमैत्री बनाउन सकिएमा अझ सहज र सरल तवरले सेवा प्रदान गर्न सकिने उहाँले बताउनुभयो । तत्कालीन गाउँ पञ्चायतको भवन मर्मत गरेर सेवा प्रदान गर्दै आइरहेको अवस्थामा अहिले आफ्नै भवन बनेपछि सेवा प्रवाहमा सहज भएको वडा अध्यक्ष बलबहादुर गुरुङले बताउनुभयो । उहाँका अनुसार ४ कोठे पक्की भवन निर्माण गरिएको हो । भवन निर्माणका लागि गत आर्थिक वर्षमा गाउँपालिकाले ६० लाख बजेट बिनियोजन गरेको थियो । भवन निर्माण कम्पनीले ४३ लाख ७१ हजार रुपैयाँमा सम्झौता गरेर निर्माण गरेको हो । तोकिएको समयमा निर्माण नसकेपछि चालु आर्थिक वर्षमा ३ महिना म्याद थप गरेर भवन निर्माण गरिएको हो । भवन निर्माणकार्य गत मंसिरमा सकिएको थियो ।वडा अध्यक्ष बल बहादुर गुरुङको अध्यक्षतामा भएको उद्धाटन कार्यक्रमममा नेपाली काँग्रेसका वडा सभापति कनबहादुर गुरुङ, नेकपा एमालेका वडा अध्यक्ष चन्द्रबहादुर थापा, नेकपा एकीकृत समाजवादीका महेन्द्र थापा, नपाली काँग्रेसका क्षेत्रीय प्रतिनिधि पूर्णबहादुर गुरुङ लगायत स्थानीय आमा समूह, टोल विकास संस्थाका पदाधिकारी, स्थानीय वुद्धिजिवि, समाजसेवी लगायतको उपस्थिति थियो । वडा सदस्य देवीजंग गुरुङले स्वागत मन्तव्य राखुभएको कार्यक्रमको सञ्चालन वडा सचिव विकास परियारले गर्नुभएको थियो ।









Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

# विविध

क्रियाकलाप

# मर्स्याङ्दी बुलेटीन

वर्षः १ | अङ्कः ९ | मितिः २०७९ चैत्र १० गते, शुक्रबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति


## मेड्पा कार्यक्रम अन्तर्गत विभिन्न सीप विकास तालिमहरु सम्पन्न

मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा संचालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत मिति २०७९/११/१६ गते देखि मर्स्याङ्दी गाउँपालिका वडा नं.-४, ताघ्रिङ मा ५ दिने साबुन तथा सर्फ उत्पादन सम्बन्धी सीप विकास तालिम सम्पन्न गरियो । उक्त तालिम यसै वडाका अध्यक्ष श्री बल बहादुर गुरुङ ज्यूको अध्यक्षतामा सञ्चालन गरिएको थियो भने तालिममा ९ जना सहभागिहरुको उपस्थिति रहेको थियो भने जसमा प्रशिक्षक श्री जित बहादुर खत्रीले प्रशिक्षण दिनुभएको थियो र तालिम समापन कार्यक्रम वडा अध्यक्ष श्री बल बहादुर गुरुङ ज्यूको अध्यक्षतामा, गाउँपालिकाका उपाध्यक्ष श्री जुनामाया थापा ज्यूको प्रमुख अतिथ्यतामा, मेड्पा कार्यक्रम सम्पर्क व्यक्ति श्री वसन्त बरुवाल र वडा सचिब श्री विकास परियार लगाएतको उपस्थितिमा तालिम समापन भएको थियो भने मिति २०७९/११/२७ गते देखि मर्स्याङ्दी गाउँपालिका वडा नं.-५,





घेर्मुमा ६५ दिने सिलाइ कटाइ सीप विकास तालिम सञ्चलन गरियो। उक्त तालिम यसै वडाका अध्यक्ष श्री घनश्याम घले ज्यूको अध्यक्षतामा सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा महिला वडा सदस्य श्री सिता गुरुङ ज्यूको उपस्थिति रहेको थियो। जसमा ९ जना व्यक्तिहरुको उपस्थिति रहेको छ। जसमा प्रशिक्षकको भुमिकामा विष्णु माया परियार हुनुहुन्छ।



## स्वास्थ्य शाखा अन्तर्गत विविध कार्यक्रम सम्पन्न

यहि मिति २०७९ फाल्गुन १७ गते स्वास्थ्य कार्यलय लमजुङको आयोजना तथा मर्स्याङ्दी गाउँपालिकाको समन्वयमा पारिवारिक तथा जनसाङ्खिक लागत संकलन सम्बन्धमा सरोकारवालाहरुको अभिमुखिकरण कार्यक्रम मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको अध्यक्षतामा सम्पन्न । गाउँपालिका उपाध्यक्ष जुनामायाँ थापाज्यू,



सबै वडाका वडा अध्यक्षज्यूहरु, प्रशासन प्रमुख अर्जुन चपाई, स्वास्थ्य शाखा प्रमुख लुल बहादुर घले र स्वास्थ्य चौकीका प्रतिनिधिहरु उपस्थित भएको कार्यक्रममा स्वास्थ्य कार्यलय लमजुङका प्रमुख अमर दवाडीज्युले प्रशिक्षण दिनुभएको थियो ।



## ११३औं अन्तरास्ट्रिय श्रमिक महिला दिवसको अवसरमा विविध कार्यक्रमहरु सम्पन्न




"लैङ्गिक समानताको लागी बलियो आधार : सृजनात्मक प्रविधिमा महिलाको पहुँचको बिस्तार" मिति २०७९ फाल्गुन २५ गते ११३औं अन्तरास्ट्रिय श्रमिक महिला दिवशको अवसरमा महिला संजाल मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा पालिका स्तरीय महिला समुह/संजाल बिच हाजिरी जवाफ प्रतियोगिता तथा नृत्य प्रदर्शनी कार्यक्रम मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। संजालका उपाध्यक्ष कुश काशी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा बिशेष अतिथि मर्स्याङ्दी गाउँपालिका उपाध्यक्ष जुनामायाँ थापा अतिथिहरु जिल्ला समन्वय समिती सदस्य बबिता मझाकोटी, सामाजिक बिकास समितिका संयोजक एवं वडा न ७ का वडा अध्यक्ष तिल बहादुर गुरुङ, विभिन्न संघ सस्थाका प्रतिनिधिहरु, सयौं संख्यामा महिला दिदिबहिनीहरुको उपस्थितिमा भएको कार्यक्रममा हाजिरी





जवाफ प्रतियोगितामा क्रमशः महिला संजाल वडा नं. ५ प्रथम, वडा नं. ९ दितिय, वडा नं. ३ तृतीय र वडा नं. २ र त्रिशक्ति महिला संजाल सान्त्वना हुन सफल भएको छ । कार्यक्रमको सञ्चालन संजालका सह-सचिव चन्द्र काशी गुरुङले गर्नुभएको थियो।

वर्षः १ | अङ्कः ९ | मितिः २०७९ चैत्र १० गते, शुक्रबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्यूको विदाइ तथा स्वागत कार्यक्रम सम्पन्न










मर्स्याङ्दी गाउँपालिकामा करिब पन्ध्र महिना देखि प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत श्री प्रेम चन्द्र अर्यालज्यू "जल तथा उर्जा विभाग" सिंहदरवार, काठमाडौंमा सरुवा हुनुभएकाले उहाँको विदाईको लागि यस गाउँपालिकाको अध्यक्ष श्री अर्जुन गुरुङज्यू अध्यक्षतामा मिति २०७९ फाल्गुन १८ गते विदाई कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा पालिका उपाध्यक्ष जुनामायाँ थापाज्यू र गाउँपालिका कर्मचारीहरुको उपस्थिति रहेको थियो । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष लगायत गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुले सम्मान-पत्र, अविर, फुलमालाले सम्मान गर्नुभएको थियो । कार्यक्रमको समापनको क्रममा गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङ ज्यूले निजामती कर्मचारीहरुको आफ्नो कार्यशिलशिलामा सरुवा-बढुवा नियमित प्रक्रिया भएको र प्रेमचन्द्र अर्याल ज्यूले आफ्नो कार्यकाल इमान्दारीका साथ निभाउनुभएकोमा धन्यवाद व्यक्त गर्दै उज्ज्वल भविष्यको शुभकामना समेत व्यक्त गर्नुभएको थियो । साथै मिति २०७९ फाल्गुन २५ गते मर्स्याङ्दी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत पदमा सरुवा भईआउनुभएका श्री तारा बहादुर तामाङ्गज्यूको स्वागत एवं परिचयात्मक कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता यस गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङ ज्यूले गर्नुभएको थियो । कार्यक्रममा अध्यक्ष, उपाध्यक्ष लागायत सम्पूर्ण शाखा प्रमुख तथा अन्य कर्मचारीहरुले अविर र फुल सहित नव प्रमुख प्रशासकीय अधिकृत ज्यूको स्वागत गर्नुभएको थियो ।





## राष्ट्रिय परिचयपत्र विवरण दर्ता अभियान सम्बन्धी अभिमुखिकरण तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न

जिल्ला प्रशासन कार्यलय लमजुङको आयोजना तथा मर्स्याङ्दी गाउँपालिकाको समन्वय तथा सहकार्यमा राष्ट्रिय परिचयपत्र विवरण दर्ता अभियान सम्बन्धी अभिमुखिकरण तथा अन्तर्क्रिया कार्यक्रम मिति २०७९ फाल्गुन १५ गते सम्पन्न भएको थियो । उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी वसन्त राज पुरीज्यूको अध्यक्षता र मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको प्रमुख आतिथ्यतामा सञ्चालित कार्यक्रममा उपाध्यक्ष जुनामायाँ थापाज्यू, नौ वटै वडाका वडा अध्यक्षज्यूहरु र वडा सचीवहरुको उपस्थिती थियो भने ईन्जिनियर अबुद अलिज्यूको प्रस्तुति रहेको कार्यक्रमको सहजीकरण मर्स्याङ्दी गाउँपालिका प्रशासन प्रमुख अर्जुन चपाईज्युले गर्नुभएको थियो ।यस कार्यक्रमको समापन पश्चात अहिले सम्पूर्ण वडाहरुबाट राष्ट्रिय परिचयपत्र विवरण दर्ता अभियान सञ्चालन भईरहेको छ ।









Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

वर्षः १ अङ्कः ९ मितिः २०७९ चैत्र १० गते, शुक्रबार
संरक्षकः अर्जुन गुरुङ सल्लाहाकारः तारा बहादुर तामाङ प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## पालिका अध्यक्ष श्री अर्जुन गुरुङद्वारा विभिन्न शिक्षक/शिक्षिकाहरुलाई धन्यवाद ज्ञापन






यस गाउँपालिकाका विभिन्न विद्यालयहरुमा सेवारत शिक्षक तथा शिक्षिकाहरुले शिक्षा विकास तथा समन्वय इकाई लमजुङद्वारा आयोजना भएको जिल्ला स्तरीय हाजिरिजवाफ प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल हुनभएको तथा शिक्षा विकास निर्देशनालाय, पोखराकाे आयोजनामा आयोजित प्रदेश स्तरीय शिक्षक नृत्य प्रतियोगितामा यस गाउँपालिकाको प्रतिनिधित्व गर्दै गण्डकी प्रदेशमा नै प्रथम स्थान हासिल गर्न सफल हुनुभएकोमा सम्पूर्ण शिक्षक तथा शिक्षिकाहरुलाई पालिका अध्यक्ष श्री अर्जुन गुरुङ ज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभएको छ। साथै यो उपलब्धीले विद्यार्थीको अतिरिक्त क्रियाकलापमा उल्लेखिय टेवा पुग्न सक्ने धारणा समेत व्यक्त गर्नुभएको थियो ।



## मानसिक स्वास्थ्य सचेतना र तनाव व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न




यस गाउँपालिकाको स्वास्थ्य शाखाले मनोसामाजिक स्वास्थ्य सेवा निरन्तर रुपमा दिदै आइरहेको छ । सोही सन्दर्भमा फाल्गुन महिनामा यस गाउँपालिका विभिन्न वडाहरु र विद्यालयमा मानसिक स्वास्थय सचेतना र तनाव व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न भएको थियो । उक्त कार्यक्रम यस गाँपालिकाको मनोपरामर्शदाता श्री शर्मिला घिमिरे ज्यूले सञ्चालन गर्नुभएको थियो । गाउँपालिकाबासी र विद्यार्थीहरुलाई उक्त कार्यक्रमले तनाव व्यवस्थापनमा सहयोग पुर्‍याएको धारणा तालिमका एक सहभागीले व्यक्त गर्नुभएको थियो ।



## MNH सम्बन्धी अनसाइट कोचिङ कार्यक्रम सम्पन्न




यस गाउँपालिकाका विभिन्न स्वास्थ्य चौकीमा कार्यरत नर्सिङ क्षेत्रका कर्मचारीहरुको लागि MNH सम्बन्धी अनसाइट कोचिङ कार्यक्रम खुदी स्वास्थ्य चौकी र भुलभुले स्वास्थ्य चौकीमा सञ्चालन गरी सम्पन्न भएको छ । यस कार्यक्रमको आयोजना गाउँपालिकाको स्वास्थ्य शाखाले गरेको थियो । कार्यक्रम निकै नै प्रभावकारी भएको र भविष्यमा पनि यस्ता किसिमको कार्यक्रमको आवश्यकता रहेन धारणा एक सहभागी कर्मचारीले गर्नुभएको थियो ।




Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

वर्षः १ अङ्कः ९ मितिः २०७९ चैत्र १० गते, शुक्रबार
संरक्षकः अर्जुन गुरुङ सल्लाहाकारः तारा बहादुर तामाङ प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## नागरिक आरोग्य अन्तर्गत विभिन्न कार्यक्रमहरु सम्पन्न

मर्स्याङ्दी गाउँपालिका आयुर्वेद शाखाको नागरिक आरोग्य कार्यक्रम वडा नं. १, ४, ५ र ६ मा वडा अध्यक्षको अध्यक्षतामा कार्यक्रम भएको थियो । जस अन्तर्गत मर्स्याङ्दी गाउँपालिका वडा नं. १ नायू मा मिति २०७९।११।०२ गते, वडा नं. ४, ताम्रिङ मा मिति २०७९।११।०३ गते, वडा नं. ५, घेर्मु मा मिति २०७९।११।१० गते र वडा नं. ६, बाहुनडाँडा मा मिति २०७९।११।१२ गते कार्यक्रम भएको थियो ।उक्त कार्यक्रम आयुर्वेदको परिचय, स्वस्थ जीवनशैली सम्बन्धी स्वस्थकर आहार, विहार दिनचर्याको बारेमा, शारीरिक र मानसिक योगको बारेमा तथा स्थानीय स्तरमा उपलब्ध जडिबुटीको परिचय र उपयोग एवं सुगर, प्रेसर जस्ता विभिन्न सर्ने तथा नसर्ने रोगहरुबाट बच्न आयुर्वेदीय रोकथाम टिप्स सहित विषय वस्तुमा केन्द्रित रही आयुर्वेद शाखाका कविराज निरीक्षक सन्तलाल सहनी र वैद्य अमित कुमार निषाद ले सहजीकरणमा भएको थियो । कार्यक्रममा सहभागीहरुले कार्यक्रम धेरै उपयोगी र व्यवहारीक भएकोले प्रत्येक टोल—टोलमा गर्नु पर्ने माग तथा अभिव्यक्ति मन्तव्यको क्रममा अध्यक्ष ज्यूहरु तथा सहभागीहरुले राखु भएको थियो भने कार्यक्रममा ११७ जनाको सहभागिता रहेको थियो ।







## साना किसान कृषि सहकारी संस्थाको तदर्थ समिति गठन कार्य सम्पन्न

मर्स्याङ्दी गाउँपालिकाको वडा नम्बर ३, ८ र ९ का किसान तथा सरोकारवालाहरुको भेलाले साना किसान कृषि सरकारी संस्था गठन गरेको छ । भेलाले वडा नं ८ का निवर्तमान वडा अध्यक्ष हिरादेवी घले ज्यूको अध्यक्षतामा ९ सदस्यीय तदर्थ सञ्चालक समिति गठन गरेको छ । समितिको उपाध्यक्षमा वडा नम्बर ९ बाट लु कुमारी गुरुङ, सचिवमा वडा नम्बर ३ बाट कृष्ण कुमारी भण्डारी र कोषाध्यक्षमा वडा नम्बर ९ बाट सीता थापा रहेका छन् । यस्तै सञ्चालक सदस्यमा वडा नम्वर ९ बाट भिष्मकान्त कुईकेल, वडा नम्बर ८ बाट गोविन्द भुजेल र राजकुमारी गुरूङ, वडा नम्वर ३ बाट विमाया विक र मनखुसी गुरूङ रहेका छन् ।यस्तै गाउँपालिका अध्यक्ष अर्जुन गुरूङ प्रमुख सल्लाहकार रहनेगरि वडा नम्बर ३ का अध्यक्ष दुधमान तामाङ, वडा नम्बर ८ का अध्यक्ष धनसिंङ तामाङ र वडा नम्बर ९ का अध्यक्ष हरिश्चन्द्र थापा सल्लाहकार सदस्य रहेका छन् ।भेलाले संञ्चालक समितिका अध्यक्ष हिरादेवी घले संयोजक, नवीनराज कुईकेल सदस्य र एकजना विज्ञ रहनेगरि तीन सदस्यीय कर्मचारी पदपूर्ति समिति गठन गरेको छ ।वडा नम्बर ३ का अध्यक्ष दुधमान तामाङको अध्यक्षतामा भएको भेलामा नेपाल कृषि सहकारी केन्द्रीय संघका प्रशिक्षक नवराज नेपालले प्रशिक्षण दिएका थिए ।कार्यक्रमलाई संबोधन गर्दै गाउँपालिका अध्यक्ष अर्जुन गुरूङले सहकारी मार्फत यहाँ रहेका साना किसानको प्रवर्द्धन, उद्योग व्यवसायको विकास र बजारीकरणमा टेवा पुग्ने बताए । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष जुनामाया थापा, जिसस कार्यपालिका सदस्य बविता मजाकोटी, गाउँपालिका कार्यपालिका







सदस्य पारकाशी गुरूङ, वडा नम्बर ३ का निवर्तमान वडाअध्यक्ष प्रेमबहादुर बस्नेत, कृषि तथा पशु शाखाका प्रमुखलगायत जनप्रतिनिधि, बुद्धिजीवी, किसान तथा महिलाहरूको उपस्थिति थियो ।सहकारीले एक वर्ष भित्र चार सय सदस्य बनाउने र ३० लाख शेयर तथा बचत संकलन गर्ने लक्ष लिएको छ ।सोही अबधिमा सहकारीलाई गाउँपालिकाभरी विस्तार गर्ने र यहाँ रहेका अन्य कृषि सहकारीलाई मर्ज गरेर एउटै ठुलो संस्था बनाइने धारणा गाउँपालिका अध्यक्ष श्री अर्जुन गुरुङ ज्यूले व्यक्त गर्नुभएको थियो ।

## डिभिजन वन कार्यालयको आयोजनामा समन्वय गोष्ठी सम्पन्न



मिति २०७९ फाल्गुन २५ गते डिभिजन वन कार्यलय लमजुङको आयोजनामा विकास र वातावरण विच समन्वय गर्न स्थानीय तह सङ्ग समन्वय गोष्ठी मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो । गोष्ठीमा डिभिजन वन कार्यलय लमजुङको प्रमुख (DFO) श्री पुर्णेश्वोर सुवेदीज्यूले प्रस्तुतिकरण गर्नु भएको थियो भने पालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु तथा शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो । कार्यक्रम समापनको क्रममा गाउँपालिकाको अध्यक्ष श्री अर्जुन गुरुङ ज्यूले वनजङ्गलको संरक्षण नै दीगो विकासको आधार भएकाले वन जङ्गलको उचित संरक्षण गर्दै विकास निर्माणका कार्य गर्नुपर्ने र सो सम्बन्धमा आफ्नो थप ध्यानाकर्षण भएको व्यहोरा प्रस्तुत गर्नुभएको थियो ।



## मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

- भरत राज बाँस्तोला
- बसन्त बरुवाल
- सुनिता दशौंदी
- रुपा वंशी मगर
- सरोज गुरुङ